# के तपाईंलाई थाहा छ ?



## आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण) ऐन, २०४९ को उल्लंघन गरे कारवाहीमा परिन्छ ।

स्तनपानको संरक्षण र सम्वर्द्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (जस्तैः बट्टाको दूध, दूधदानी) को बिक्री वितरणलाई नियमन गरी बच्चाहरूको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्न "आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९" जारी गरिएको हो । यस ऐनले स्वास्थ्यकर्मीलाई निम्न कार्य गर्न निषेध गरेको छ ।

ऐनको दफा ८ (३) अनुसार स्वास्थ्यकर्मीहरूले आमाहरूलाई बट्टाको दूध, दूधदानी जस्ता आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गरी स्तनपान सुरू गर्न वा स्तनपान जारी राख्न अवरोध हुने काम गर्नु हुँदैन ।



ऐनको दफा ८ (४) अनुसार स्वास्थ्यकर्मीहरूले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुका उत्पादक वा वितरकबाट कुनै पनि किसिमको आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।



ऐनको दफा ८ (५) अनुसार स्वास्थ्यकर्मीहरूले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको नमुना कसैलाई पनि दिनु हुँदैन ।



ऐनको दफा ८ (६) अनुसार स्वास्थ्यकर्मीहरूले कुनै पनि तरिकाले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको प्रवर्द्धन गर्नु हुँदैन ।



ऐनको दफा ८ उल्लंघन गरेको खण्डमा दफा १६ (१) बमोजिम एक हजार रूपैयाँ सम्म जरिवाना वा एक महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।



कसैले पनि ऐनको दफा ८ उल्लंघन भएको देख्नुभएमा सम्बन्धित स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, वा प्रादेशिक स्वास्थ्य निर्देशनालय, वा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पालीका प्रमुख, प्रदेश प्रमुख वा परिवार कल्याण माहाशाखा, पोषण शाखा (ईमेलः fwdnutritionsection33@gmail.com) मा जानकारी दिन सक्नुहुनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा